# पूर्वखोला राजपत्र

**पूर्वखोला गाउँपालिकाद्वारा प्रकाशित**

**खण्डः ६, पूर्वखोला, मितिः २०७९/०७/१५, संख्याः ४**

## भाग–२

### पूर्वखोला गाउँपालिका

### कार्यविधिको नाम : पूर्वखोला गाउँपालिकाको स्वयंसेवक परिचालन कार्यविधि, २०७९

गाउँ कार्यपालिकाबाट पारित मितिः २०७९/०७/०१

**प्रस्तावनाः**

नेपालको संविधानत मौलिक हकको रुपमा स्थापित स्वास्थ्य स्वास्थ्य सम्बन्धि अधिकारलाई प्रत्याभूत गरी नेपाल सरकारबाट जारी भएका स्वास्थ्य सम्बन्धि नीतिहरु कार्यान्वयन गर्न स्वास्थ्य सेवामा स्वंयम सेवकको अवधारणालाई विकास गर्दै महिला सामुदायिक स्वास्थ्य स्वंयम सेविकाको परिचालन तथा व्यवस्थापन गरी आधारभुत स्वास्थ्य र सरसफाई सुधारमा महिला सामुदायिक स्वास्थ्य स्वंयम सेवकको समग्र

व्यवस्थापन गर्न कानूनी आधार बाञ्छनिय भएकोले पूर्वखोला गाउँकार्यपालिकाले स्थानिय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ बमोजिम यो कार्यविधि बनाई लागु गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **सक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "पूर्वखोला गाउँपालिकाको स्वयंसेवक परिचालन कार्यविधि,२०७९" रहनेछ।

(२) यो कार्यविधि पूर्वखोला गाउँपालिका क्षेत्र भित्र लागु हुनेछ।

(३) यो कार्यविधि पूर्वखोला गाउँकार्यपालिकाले स्वीकृत गरेको मिति बाट लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **स्वयंसेवकः** भन्नाले पूर्वखोला गाउँपालिका भित्रका स्थानिय स्वास्थ्य आमा समुहद्वारा छनौट गरिएका, निश्चित अवधि सम्म स्वयंसेवक भई कार्य गर्न तत्पर भएका, पूर्वखोला गाउँपालिकाको श्रोतबाट व्यवस्थापन गरिने, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा निर्धारित पाठ्यक्रमलाई आधार मानी सम्बन्धित प्रदेशले तयार गरेका पाठ्यक्रम अनुसार तालिम प्राप्त गरी स्थानिय स्वास्थ्य सँस्थाद्वारा प्रदान गरिने विभिन्न स्वास्थ्य कार्यक्रमहरुमा सहयोग पुर्याउने स्वयंमसेवक महिलालाई जनाउँदछ ।साथैं यस शव्दले आमा समुहबाट छनौट भई तालिम लिन बाँकी रहेका स्वयंसेवक महिलालाई समेत सम्झनु पर्दछ ।

## परिच्छेद-२
## स्वयंसेवक छनौट

३. **स्वयंसेवक छनौटः** (१) स्वयंसेवकको छनौट देहायका प्रावधान बमोजिम गराउनु पर्नेछ ।

(क) तोकिएको कार्यक्षेत्रमा स्थायी बसोबास गरेको हुनु पर्ने ।

(ख) कम्तिमा १ बर्ष सेवा गर्न ईच्छुक रहेको प्रतिवद्धता गरेको हुनु पर्ने ।

(ग) समाज सेवा गर्न ईच्छुक भएको ।

(घ) १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

(ङ) कुनै पनि राजनितिक तथा राजनितिक भातृ संघ संगठन पदमा बहाल नरहेको ।

(च) माध्यमिक तह उत्तीर्णलाई प्राथामिकता दिईने ।

(छ) लोपान्मुख आदीबासी तथा दलित वर्गलाई विषेष प्राथामिकता दिईने ।

## परिच्छेद-३
## स्वयंसेवकको काम, कर्तव्य र अधिकार

४. **स्वंयसेवकको काम कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः**

(१) स्वास्थ्य आमा समुह बैठक बोलाई समुदायका १००० दिने आमा तथा अन्य नागरिकहरुलाई बैठकमा जान उत्प्रेरित गरी अनिवार्य सहभागी भई सहयोग गर्ने ।

(२) गाउँघर क्लिनिक र खोप क्लिनिकमा जान उत्प्रेरित गरी स्वयं सहभागी भई सहयोग गर्ने।

(३) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको मासिक बैठकमा सहभागी भई प्रतिवेदन पेश गर्ने।

(४) स्वास्थ्य संस्थाले सञ्चालन गरेको कार्यक्रमहरुमा अनिवार्य सहभागी हुने ।

(५) पोषण, सरसफाई, परिवार नियोजन, सुत्केरी सेवा तथा खोप कार्यक्रम जस्ता जनस्वास्थ्यसँग सम्बन्धित कार्यक्रममा सहजीकरण गर्न घरभेट तथा परामर्श गर्ने।

(६) स्वास्थ्य सम्बन्धि राष्ट्रिय कार्यक्रममा सहभागी भई आवश्यक सहयोग गर्ने।

(७) समुदायमा भएका ६ देखी ५९ महिनाका बालबालिकाको पोषण लेखाजोखा गर्ने र कुपोषित बच्चा भेटिएमा परामर्श तथा स्वास्थ्य संस्थामा प्रेषण गर्ने ।

(८) समुदायका महिलाहरु गर्भवति भएको जानकारी पाउन साथ स्वास्थ्य चौकीमा प्रेषण गर्ने तथा परामर्श गरी निरन्तर निगरानीमा राख्ने।

(९) गर्भवति महिलाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी हुन प्रेरित गर्ने।

(१०) स्वास्थ्य संस्थाले निर्देशित गरेको कार्यहरु समयमै सम्पन्न गरि तोकिएको समयसिमा भित्रै प्रतिवेदन बुझाउने ।

(११) स्वयंसेवकले स्वास्थ्य संवेदनशिलतालाई पालना गर्दै गोपनियता कायम गर्ने ।

## परिच्छेद-४
## स्वयंसेवकको सेवा सुविधा

**५. स्वयंसेवको सेवासुविधा देहाय बमोजिम हुनेछ।**

१. स्वयंसेवकले मासिक रुपमा समुहको बैठक सञ्चालन, स्वास्थ्य संस्थाको मासिक बैठकमा उपस्थित, खोप क्लिनिक तथा समुदायमा सहयोग जस्ता क्रियाकलापमा

सहभागी भए वापत प्रोत्साहन स्वरुप अनुसूची १ अनुसारको सेवा सुविधा प्रदान गर्नु पर्नेछ ।

२. अनुसूची १ बाहेकको प्रोत्साहन खर्च बाहेक स्वास्थ्यले विभिन्न तालिम तथा गोष्ठीमा आवश्यकता अनुसार सहभागी गराई महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले खाए पाए अनुसारको सुविधामा नघटाई प्रोत्साहन खर्च उपलब्ध गराउनु पर्नेछ ।

३. उपदफा १ र २ मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा ७ बमोजिम सेवा रद्द भएको अवस्थामा कुनै पनि प्रकारको सेवा सुविधा उपलब्ध गराउन पाईनेछैन ।

## परिच्छेद-५
## सेवा निवृत्त एवं सेवा रद्द सम्बन्धि व्यवस्था

६. **स्वयंसेवक सेवा निवृत्तः** दफा ३ अनुसार छनौट र कार्यरत रहेका स्वयंसेवक देहायका अवस्थामा सेवाबाट निवृत्त हुनेछन् ।

(क) राजीनामा दिएमा,

(ख) ६० वर्ष उमेर पुरा भएमा,

(ग) स्वयंसेवकले आमा समुह समक्ष अवकाश लिने ईच्छा जाहेर गरेमा,

(घ) सघं संस्थाको वैतनिक पदमा नियुक्ति वा मनोनयन लिएमा,

(ङ) तोकिएको भौगोलिक क्षेत्रमा घर ठेगाना रही ९० प्रतिशत भन्दा कम अवधि वसोवास गरेको अवस्था रहेमा,

७. **स्वयंसेवक सेवा रद्द गरिनेः (१)स्वयंसेवकको सेवा देहायका अवस्थामा रद्ध गर्नुपर्नेछ ।**

क. स्वयंसेवी भावना तथा आचरण बमोजिम कार्य नगरेको पाईएमा

ख भ्रष्टाचार तथा आर्थिक अनुशासनको उल्लङ्घन तथा नैतिक पतन देखिने कार्य गरेमा

ग. जनप्रतिनिधि भई वा कर्मचारीको रुपमा दैनिक ज्यालादारी करार र स्थायी नियुक्ति लिई सेवा सुविधा लिएको पाईएमा।

## परिच्छेद-६
## विविध

८. **अन्य छुट विषय सम्बन्धिः**

यस कार्यविधिमा उल्लेख नभएका वा समावेश नभएका विषयका सम्बन्धमा पूर्वखोला गाउँपालिका गाउँ कार्यपालिकाको निर्णय र प्रचलित कानुन बमोजिम हुनेछ ।

९. **संसोधन तथा खारेजीः** पूर्वखोला गाउँपालिका गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यक संसोधन तथा खारेजी गर्नेछ।

अनुसूची-१

परिच्छेद ४ दफा ५ संग सम्बन्धित

| क.सं. | क्रियाकलाप | पटक | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | मासिक यातायात खर्च | १२ | २००० | २४००० | एकमुष्ट |

प्रमाणिकरण मितिः २०७९/०७/१५

आज्ञाले
**मान बहादुर सारू**
प्रमुख प्रशासकीय अधिकृत